लैङ्गिक हिंसा मुक्त कमलामाई नगरपालिका

लैङ्गिक नीति तथा कार्ययोजना
२०७५

परिच्छेद नं १

प्रारम्भिक

१. पृष्ठभूमि :

सिन्धुली जिल्लाको परिचय :

नेपालको मानचित्रमा २६ डिग्री ५५ मिनेट देखि २७ डिग्री २२ मिनेट उत्तरि अक्षांस र ८५ डिग्री १५ मिनेट देखि ८६ डिग्री २५ मिनेट पूर्वी देशान्तरका बीचमा सिन्धुली जिल्ला अवस्थित छ । यो जिल्लाको उत्तरमा रामेछाप, पूर्वमा उदयपुर, दक्षिणमा सिराहा, धनुषा, महोत्तरी, सर्लाही र पश्चिममा मकवानपुर तथा पश्चिम दक्षिणमा रौतहट गरी जम्मा १० वटा जिल्लाहरुसंग सिमाना जोडिएको छ । दक्षिण तराई देखि उत्तर महाभारत श्रृंखला सम्म फैलिएको यो जिल्ला समुन्द्र सतहबाट १६८ मिटर देखि २७९७ मिटर सम्म अवस्थित छ । राणा कालमा पूर्व २ नंम्बर बाट प्रख्यात यस सिन्धुली जिल्लाको उत्तरी भागमा महाभारत श्रृंखला र दक्षिणी भागमा चुरे पहाड भित्री मधेस र बेसीले ओगटेको छ । यस जिल्लाका प्रमुख नदीहरुमा कोशी, रोशी, बाग्मती, तावा, कमला, मरिण, वाक्सु, चदाहा, बन्दिजो ,क्यानखोला, गौमती ,गड्यौली, कोखाजोर, धनमना, सिम्ले, वित्तीजोर, अरुण ककुर लगायत यस जिल्लामा १४९ वटा ठुला साना नदीहरु रहेका छन् ।

यस जिल्लाको अधिकांश भू-भाग चुरे क्षेत्रमा पर्दछ भने बाँकी भाग मध्ये पहाडी क्षेत्रमा पर्ने भएकाले यस जिल्ला भित्री मधेशको जिल्ला भनेर समेत चिनिन्छ ,ऐतिहासिक महत्व बोकेको सिन्धुली गढी र हरिहरपुर गढीका साथै आधुनिक बि.पि लोकमार्गको दुई तिहाई भाग यसै जिल्लामा पर्दछ । यस जिल्लाको औषत लम्बाई १०६ कि.मि र चौडाई २३.३ कि.मि छ, तथा क्षेत्रफल २४९१ वर्ग कि.मि छ समशितोष्ण हावापानी भएको सिन्धुली जिल्लाको पहाडी क्षेत्रमा हिउँदमा तुलनात्मक रुपमा ठण्डा हुन्छ सुर्योदय र सूर्यास्तको समयमा न्युनतम ८ डिग्री देखि अधिकतम ३१ डिग्री सेल्सियस तापक्रम हुने यस जिल्ला जलवायुका दृष्टिबाट लाभदायक रहेको छ । अधिकांश भू-भाग वन जंगलले ढाकेको यस जिल्लामा सर्पदंश र जंगली जनावरको आक्रमण प्रकोपको रुपमा रहेका छन् । नेपाल जीवनस्तर सर्वेक्षण र पछिल्ला जनगणनाका आधारमा तयार गरिएको लघुक्षेत्र अनुमानका आधारमा सिन्धुली न्यून समृद्धि स्तर भएका जिल्लाहरुको सूचिमा पर्दछ । जुनार र जंगल आर्थिक विकासको आधार मानिएको सिन्धुली जिल्ला नेपालको सबैभन्दा बढी जुनार उत्पादन गर्ने जिल्ला हो ।

कमलामाई नगरपालिकाको संक्षिप्त परिचय

नेपालको प्रसिद्ध कमला नदीको उद्गमस्थलमा रहेको कमलामाई देवीको नामलाई समाविष्ट गरी वि.सं. २०५३ मा तत्कालीन सिद्देश्वर र भिमान गा.वि.स.लाई समायोजन गरी कमलामाई नगरपालिकाको नामाकरण गरिएको हो । रोमन, सिन्धु, पर्सियन सभ्यता जस्तै मानव विकास क्रममा सिन्धुलीवासीको मौलिक परम्परा, सांस्कृतिक, सामाजिक संरचनालाई जगेर्ना गर्दै एउटा शहरी वातावरणलाई अत्यावश्यकीय सबैखाले पुर्वाधारहरुको जोडजाम, बन्दोवस्ती सहित परिवर्तनको संवाहक भई २०५.१२ वर्ग कि.मि.

क्षेत्रफलमा फैलिई १८ वटा वडामा विभक्त कमलामाई नगरपालिका वि.सं. २०७३ मा राज्य पुनः संरचनाको क्रममा साविक डाडी गुराँसे, भद्रकाली, जलकन्या, रानीचुरी र रानीवास गा.वि.स. समायोजन भई १४ वटा वडामा विभक्त छ । यसरी नवगठित कमलामाई नगरपालिकाले ४८२.५७ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ भने यस नगरपालिकामा करिव ६५०६४ जनसंख्या रहेको छ ।

२. विषय सन्दर्भः

कमलामाई नगरपालिकालाई आर्थिक समृद्धि सहित, शान्ति सुशासन र आत्मनिर्भर नगरपालिकाको रुपमा स्थापित गर्न स्थानीय सरकार प्रतिबद्ध छ । लैङ्गिक समानता सुनिश्चितता नहुँदासम्म नगरपालिका आर्थिक समृद्ध, शान्ति, सुशासन र आत्मनिर्भर बन्न सक्दैन भन्ने मान्यतालाई आत्मसाथ गर्दै मिति २०७५ जेठ ११ र १२ गतेमा बसेको बैठकले कमलामाई नगर लैङ्गिक विभेदमा आधारित हिंसा विरुद्धको रणनीति तयार गर्ने निर्णय गरी कमलामाई नगरपालिकाका सबै सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरी यो नीति तयारी गरिएको हो ।

लैङ्गिक बिभेदका घटना विवरण हेर्दा यस नगरपालिका भित्र २०१७ (२०१८ को तथ्याङ्कमा ६६ घरेलु हिंसा, ४९ बलात्कार, जनाको बेचविखन , १९ शारीरिक हिंसा, २० बहुविवाह, यौन दुर्व्यवहार र अन्य १८ गरी जम्मा २३० भन्दा वढी लैङ्गिक हिंसा तथा लैङ्गिक बिभेद सम्बन्धी घटनाहरु भएको तथ्याङ्क रहेको पाइन्छ (OCMC को तथ्यांक अनुसार) । कमलामाई नगरपालिकालाई सम्मुनत बनाउन यो स्थितिको अन्त्य हुनु आवश्यक छ । जबसम्म कुनै व्यक्ति सामाजिक लैङ्गिक विभेदबाट निर्देशित व्यवहारहरुका कारण हिंसा खप्न बाध्य हुन्छ भने, त्यो समाज सम्मुनत हुन सक्दैन भन्ने मान्यतालाई आत्मसाथ गरिएको छ ।

३. लैङ्गिक नीतिको आवश्यकता

समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि लैङ्गिक विभेद, लैङ्गिक हिंसा, वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने संकल्प नेपालको संविधान २०७२ ले गरेको छ । सरकारले समृद्धि सहितको समाजवाद भन्ने नारालाई आत्मसाथ गरेको छ । देशलाई विभेदमुक्त र आर्थिक रुपले सम्पन्न बनाउने संकल्प सबै प्रदेश सरकारहरुले गरेका छन् । सन् २०३० सम्म प्राप्त गर्नुपर्ने दिगो विकास लक्ष्यहरु प्राप्तिका लागि राष्ट्रिय योजना आयोगले सूचाकंहरु तयार गर्ने तथा स्थानीयकरणका लागि कार्य गरिरहेको छ । दिगो विकास लक्ष्यको लक्ष्य नम्बर ५ : लैगिंक समानता हाँसिल गर्ने तथा सबै महिला, किशोरी तथा बालबालिकालाई सशक्त बनाउने लक्ष्य प्राप्ति गर्न सरकारले परिमाणात्मक लक्ष्य ५ “ग” मा सबै तहमा महिला, किशोरी तथा बालबालिकाहरुको लैगिंक समानतालाई प्रवर्द्धन तथा सशक्त बनाउन प्रभावकारी नीति र कार्यान्वयनयोग्य कानून बनाउने तथा सुदृढ गर्ने लक्ष्य तय गरेको छ । देशले महिला माथि हुने सबै प्रकारको भेदभाव, सामाजिक आर्थिक र सांस्कृतिक अधिकार सम्बन्धि संविधा लगायतका मानब अधिकार सम्बन्धि प्रतिबेदनमा प्राप्त सुझावहरु अनुरुप कार्य गर्ने प्रतिबद्धता जनाएको छ । नेपालमा महिला तथा बालिकामाथि हुने सबैप्रकारका हिंसा उन्मुलन गर्ने प्रतिबद्धताका साथ प्रतिनिधिसभाले २०७५ भदौमा महिला तथा बालिकामाथि हुने सबै खाले हिंसा विरुद्ध संकल्प प्रस्ताव पास गरेको छ । यी सबै प्रतिबद्धताहरुमा लैंगिक समानता कायम गर्ने भन्ने प्रतिबद्धता धेरै पटक जाहेर गरिएको छ ।

राजनीतिक पार्टीहरुले आफ्नो घोषणापत्रहरु मार्फत विभेदरहित, समानता र सामाजिक न्यायमा आधारित समुद्ध समाजको स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यी सबै प्रतिबद्धताहरु पुरा गरि देशलाई आर्थिक रुपले समृद्ध बनाई समाजबाद उन्मुख बनाउन हरेक स्थानीय तह देखि नै लैंगिक समानता नीति (लैंगिक विभेद मा आधारित हिंसा बिरुद्ध केन्द्रित हुँदै) लागु हुन् आवश्यक छ ।

संयुक्त राष्ट्र संघको सदस्य संस्थाको हैसियतले, सबैको मानव अधिकारको संरक्षण, सम्बर्धन र परिपुर्ति गर्नु नेपाल सकारको अन्तराष्ट्रिय जवाफदेहिता पनि रहेको छ । आर्थिक, सामाजिक तथा सास्कृतिक समिति, विश्वव्यापी आवधिक प्रतिबेदन, २०१५ अनुसार बाल विवाह लगायत हानिकारक अभ्यास दण्डनीय बनाउने/अन्त्य गर्ने सुझाव नेपाल सरकारलाई दिएको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका सम्बन्धमा छैठौं राष्ट्रिय प्रतिवेदन माथि CEDAW Committee (2018) ले नेपाल सरकारलाई सार्वजनिक क्षेत्रमा महिलाविरुद्ध हुने प्रत्यक्ष र अप्रत्यक्ष विभेद अन्त्य गर्न नीति तर्जुमा गर्नुपर्ने, यौनजन्य हिसांको मुद्दा दर्ताको हद म्याद बढाउनु पर्ने, महिला विरुद्धका परम्परागत र हानिकारक अभ्यासहरूमाथि प्रतिबन्ध लगाई पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने र हानिकारक अभ्यासले पार्ने दुष्प्रभाव बिरुद्ध धर्मगुरु सहित जनचेतनाका लागि ठोस लक्ष्य, रणनीति बिकास गर्नुपर्ने, न्यायमा पहुँच र कानूनी सहायताको जानकारीलाई सुदृढ बनाउनु पर्ने, औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत महिलाको सामाजिक सुरक्षा गर्नुपर्ने, बालविवाह उन्मूलन गर्नुगर्ने र बाल विवाह बदर गर्ने कानूनी व्यवस्था ल्याउनु पर्ने समेत सुझाव दिएको छ । उपरोक्त सुझावका साथै दिगो विकास लक्ष्य अनुरुप सन् २०३० सम्ममा लैङ्गिक हिंसा निवारण तथा बाल विवाह उन्मूलन गर्नका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्नु स्थानीय तहको प्राथमिक जिम्मेवारी भएकाले नेपालगञ्ज उप-महानगरपालिकाले महत्वका साथ यो लैङ्गिक हिंसा निवारण रणनीति तथा बाल विवाह उन्मूलन कार्ययोजना कार्यान्वयनमा ल्याएको हो । यो रणनीति र कार्ययोजनाको आवश्यकता र औचित्यता बारे परिवर्तनको सिद्धान्तका आधारमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

निश्चित परिणाम, निर्धारित समयसिमा भित्र प्राप्तिका निम्ति स्पष्ट रणनीति र त्यसमा आधारित योजना र कार्ययोजना आवश्यक हुन्छ । यहि आवश्यक्तालाई प्राथमिकतामा राख्दै आगामी ५ वर्षभित्र कमलामाई नगरपालिकालाई सामाजिक न्याय, समानतामा आधारित सम्मुनत र आत्मनिर्भर बनाउन यो नीति तयार पारिएको हो ।

४. लैङ्गिक नीतिका आधार स्तम्भहरु :

* महिला हिंसा अन्त्यकालागि प्राथमिक रोकथाम /नियन्त्रण शैली
* महिलामाथि हुने हिंसाको प्रमुख कारकको रुपमा सामाजिक लैंगिक विभेद बाट उत्पन्न महिला र पुरुष बिचमा रहेको असमान शक्ति सम्बन्ध एवं हानीकारक परम्परा हो भन्ने कुराको आत्मसात
* शिक्षा, स्वास्थ्य र रोजगारीमा सबैको समान पहुँच बढाउन नीतिगत व्यबस्था
* सामाजिक न्याय र समानुपातिक समावेशी सिद्धान्तमा आधारीत
* मानव अधिकार मुखी शैली
* सहकार्य एवं सहभागितामा आधारीत पद्दती

५. लैङ्गिक नीतिको सैद्धान्तिक पक्षहरु :

- नेपालको संविधानको मर्म अनुरुप समानताको सिद्धान्तलाई पालना गर्ने लैङ्गिक विभेदमा रहेका समुहरु जस्तै महिला, यौन तथा लैङ्गिक अल्पसंख्यक, अपांगता भएका महिलाहरुले समानताको हक प्रयोग गर्न सक्ने वातावरणको निर्माण ।
- नगरपालिकाभित्र लैङ्गिकमैत्री संरचनाहरुको निर्माण ।
- घर परिवार, समाज, टोल, राजनैतिक, सामाजिक संघसंस्था, औद्योगिक, शैक्षिक लगायत विभिन्न प्रतिस्थानहरुमा लैङ्गिक सचेतिकरण गर्दै लैङ्गिक समानतायुक्त लैङ्गिक विभेदमा आधारित हिंसा मुक्त समाजको आधार निर्माण ।
- लैङ्गिक हिंसा प्रभावितहरुको लागि आवश्यक सहयोगका साथ न्याय प्राप्तिको अधिकारको सुनिश्चितता ।
- मानव अधिकार सुनिश्चिता एवं मानव अधिकार सम्बन्धी नेपाल सरकारको प्रतिबद्धता कार्यान्वयन ।
- शिक्षा, सीप, दक्षताको विकास गर्दै जोखिममा रहेका समुह, सिमान्तकृत समुहका महिला, विभिन्न प्रकारका हिंसाबाट प्रभावित व्यक्तिहरुभित्र आत्म विश्वासको विकास ।
- सबै प्रकारका हानिकारक परम्परागत अभ्यासहरुको अन्त्य ।

६. अबलम्बन गरिने कार्यनीति

- लैङ्गिक विभेदमा पारिएका समूहहरु जस्तै महिला,यौनिक तथा लैङ्गिक अल्पसंख्यकलाई प्राथमिकतामा राख्ने ।
- लक्षित वर्गको प्रत्यक्ष सहभागितामा लैङ्गिक दृष्टिकोणले अत्यावश्यक ठानिएका योजनाहरुलाई प्राथमिकता दिने ।
- लक्षित वर्गलाई छुट्याइएको बजेट सोही समुहको स्तरोन्नती ,सशक्तिकरण र विकासका लागि खर्च गर्ने ।
- नगरपालिका भित्र महिला /लैङ्गिकमैत्री संरचनाहरु जस्तै सुरक्षा आवास, शौचालय, धारा, शिशु स्याहार केन्द्रहरु निर्माण र व्यवस्थित ढंगले सञ्चालन गर्ने ।
- सार्वजनिक स्थान तथा सवै स्थानमा हुने हिंसा न्यूनीकरणका लागि विशेष अभियान सञ्चालन गर्ने ।
- नागरिक सहायता कक्षको स्थापना गर्ने ।

- समुदाय तथा टोलस्तरमा कानुनी सचेतना कक्षा सञ्चालन गर्ने ।
- आयआर्जनमा महिलाको पहुँच वढाउने खालका कार्यक्रम सञ्चालन गर्ने ।
- हिंसात्मक गतिविधिमा संलग्नहरुलाई स्थानीय स्तरमा समेत कानुन बनाई कारवाहीको प्रक्रियामा ल्याउनुका साथै सामाजिक रुपमा बहिष्कार गर्ने ।
- सरोकारवालाहरुसँग निरन्तर कार्यक्रम गरी उनीहरुको चासो र व्यवहार परिवर्तन गर्ने ।
- लैङ्गिकमैत्री शव्दावली अनिवार्य रुपमा प्रयोग गर्ने ।
- लैङ्गिकमैत्री कार्यनीति अपनाएका संघसंस्थाहरुको पहिचान गरी उनीहरुलाई थप हौसला प्रदान गर्दे सफलताका कथाहरु वाहिर ल्याउने । र वर्षमा एक पटक सम्मान गर्ने ।
- आत्मनिर्भरता सहितको सुरक्षित आवासगृह निर्माण गरी कार्यान्वयनमा ल्याउने ।
- सार्वजनिक सवारी साधनहरुलाई लैङ्गिकमैत्री बनाउने ।
- बालबालिकाको व्यक्तिगत विकासक्रम लैङ्गिकमैत्री बनाउने ।
- स्थानिय सरकारले तय गर्ने ठूला योजना तथा कार्यान्वयन गर्ने तहलाई लैङ्गिकमैत्री बनाउने ।
- राज्य तथा स्थानिय सरकारको हरेक निकाय बाट दिइने सुविधाहरु लैङ्गिकमैत्री हुने वातावरण तयार गर्ने ।
- लैंगिक मैत्री दृष्टिकोण बाट कार्यक्रमको अनुगमन र मुल्यांकन गर्ने ।

७. लैङ्गिक हिंसा मुक्त नगरपालिका घोषणाका आधारहरु :

- शिक्षामा समानता (सीपमूलक, गृहिणीलाई पूर्णसाक्षर, अधुरो शिक्षालाई पूर्णता)
- निर्णायक तहमा सहभागिता (घर परिवार, टोल समुदाय, संघ संस्था,राजनीतिक दल)
- समान सहभागिता (नगरभित्रका सम्पूर्ण निकाय र संरचनामा राज्यले तोके अनुसार)
- स्वनिर्भरता (लैङ्गिक विभेद नगरी प्रोत्साहन तथा सहयोगकालागि घरदेखि नगरसम्म अभियान)
- लैङ्गिक विभेदको अन्त्य (घरपरिवार, टोल समुदाय र कार्यलयमामा) महिलामैत्री व्यवहार गर्ने, लैङ्गिकमैत्री शव्दावली प्रयोग गर्ने)
- सरोकारवाला निकायहरु लैङ्गिक असमानता अन्त्य गर्न क्रियाशील (जनचेतना, गोष्ठी, मिडियामा प्रचार प्रसार)
- संरचना निर्माण (लैङ्गिक मैत्री शौचालय, घर , विद्यालय, सरकारी तथा गैरसरकारी निकाय)
- सार्वजनिक यातायातमा आरक्षण सिट क्रमश वढाउँदै व्यवहारिक कार्यान्वयन
- प्रमुख सेवा प्रदायक निकायहरु जस्तै पुलिस, स्वास्थ्य संस्था, न्यायलयमा महिलामैत्री कक्ष निर्माण
- नगरपालिका भित्र रहेका प्रत्येक सरकारी तथा गैरसरकारी निकाय भित्र लैङ्गिक नीति तयार गरी कार्यान्वयन
- कार्यान्वयन तहमा : (लैङ्गिकमैत्री नगर बन्नका लागि बनाइएका नीति तथा संरचना र योजनाहरु कार्यान्वयन गर्न नियमित अनुगमन, मुल्यांकन, पुरस्कार र दण्डको व्यवस्था)
- कार्यक्रमका अनुगमन टोलीमा ५० प्रतिशत महिला सहभागीता

- योजना निर्माणका सबै चरणमा सबै लिङ्गको समानुपातिक सहभागीताको सुनिश्चितता
- अवस्था विश्लेषणबाट देखिएको सूचांकहरुको आधारमा कार्य

८. अवस्था विश्लेषण

वर्तमान अवस्था :

क) घरपरिवार : घरपरिवार सञ्चालनमा महिला अगाडि, घरायसी काममा पुरुषको सहभागिता अत्यन्यै न्यून रहेको छ । निर्णयमा महिलाहरु अरुबाट निर्देशित हुनपर्ने अवस्था छ । घर परिवारमा समेत महिलाको निर्णय चल्दैन । पाहुनाको स्वागत सत्कार तथा घर तथा भान्सा सफाइमा महिलाको धेरै समय खर्च तथा कामकाजी महिलाहरुमाथि दोहोरो तेहेरो जिम्मेवारी ।

ख) सामाजिक सहभागिता : विभिन्न समूह, सञ्जाल, समितिहरुमा महिलाको संख्या उल्लेख्य रहेपनि निर्णायक भूमिका महिलाको नगण्य सहभागिता (महिला स्वास्थ्य स्वयंसेविका, आमा समूहहरु, धार्मिक संस्थाहरु, टोल विकास संस्थाहरु आदि) रहेको छ ।

ग) शिक्षा : पूर्ण साक्षरता घोषणा गरिएको छ तर शिक्षित दर पूर्णछैन ।

घ) रोजगार : नीजि विद्यालयः साना कक्षाहरुमा महिलाको सहभागिता बढि छ ।

सरकारी विद्यालय : सरकारले निर्धारण गरे अनुसारको कोटामा पनि महिला शिक्षकहरुको सहभागिता नरहेको ।

बैंक : रिसेप्सन, दर्ता तथा काउण्टरमा मात्रै महिला सहभागिता वढी रहेको

निर्माणको क्षेत्र : दैनिक ज्यालादारीको मजदुरीमा महिला वढी । समान कामको असमान ज्याला विद्यमान र महिलाले आर्जन गरेको ज्यालामा पनि आफ्नो नियन्त्रण कम भएको ।

ङ) सरोकारवालाको व्यवहार : महिलाको नेत्तृत्व स्विकार गर्न गाह्रो मान्ने प्रचलन । महिलाद्वारा सञ्चालित कार्यक्रममा पुरुष सहभागि अपेक्षाकृत नरहेको ।

च) उत्पादनमा सहभागिता : नगरपालिका संचालित उत्पादन मुखि क्षेत्रहरु जस्तै उद्योग, होटल ब्यबसाय लगाएतका क्षेत्रहरुमा महिलाहरको सहभागिता भए पनि उनिहरुको सहभागिता तल्लो तहमा नै सिमित रहेको र पारिश्रमिकमा असमानता विद्यमान ।

छ) राजनीतिक सहभागिता : राजनीतिमा महिला सहभागिता न्यून छ । चुनावमा भोट र आन्दोलनको अगुवाइमा महिला रहेपनि राजनीतिक नेत्तृत्वमा महिला संख्या अत्यन्तै न्यून । राजनीतिक नियुक्ति तथा कोटामा महिलालाई स्थान दिने प्रचलन न्यून । कार्यक्रम तय गर्दा महिलाको समयलाई वास्ता नगरिने तथा घरायसी काममा पुरुष सहभागिता नहुँदा घरकै कामका कारण पनि महिलाहरु समाजिक कार्यक्रममा सजिलै सहभागी हुन नसकिरहेको अवस्था ।

ज) स्थायी सम्पत्ति माथिको स्वामित्व : कमलामाई नगरपालिकामा ६७.५२ प्रतिशत पुरुषहरुको स्थायी सम्पत्तिमा स्वामित्वमा रहेको छ भने केवल ३२.४८ प्रतिशत महिलाहरुको सम्पत्तिमा स्वामित्व रहेको देखिन्छ । यसरी हेर्दा महिलाहरुको सम्पत्तिमाथिको स्पामित्व थोरै मात्रामा बढेको देखिएता पनि समानता एवं निर्णायक सहभागिताका लागि अझै काम गर्नु पर्ने देखिएको छ ।

९. कमलामाई नगरपालिका भित्र योजना निर्माण प्रक्रियामा महिलाहरुको सहभागिता

- टोलस्तरमा महिलाको सहभागिता राम्रो छ तर वडा भेलामा महिलाको सहभागिता घट्दै गएको अवस्था छ ।
- वडास्तरमा योजना छनौट वा निर्णय प्रक्रियामा महिलाको सहभागिता न्यून तथा अर्थपूर्ण हुन सकेको छैन ।
- नगर योजना तर्जुमा छनोट कार्यमा महिलाहरुको सहभागिता अपेक्षित छैन ।
- हरेक निकाय वा योजना तर्जुमा प्रक्रियामा महिलाहरुको सहभागिता बढ्दै गए पनि निर्णयात्मक हुन सकेको छैन ।
- नगरपरिषद योजना तर्जुमा गोष्ठी प्रक्रियामा महिलाहरुको सहभागिता अपेक्षित हुन सकेको छैन ।
- नगर योजना तर्जुमा प्रक्रियामा महिलाहरुका योजनाहरुलाई प्राथमिकतामा राख्न आवश्यक रहेको ।

१०. कमलामाई नगरपालिकामा महिला,पुरुष र लैगिंक तथा यौनिक अल्पसंख्यकहरुको पहुँच तथा नियन्त्रणको अवस्था

विषय क्षेत्र	महिला	पुरुष	लैगिंक तथा यौनिक अल्पसंख्यकहरु
पारिवारिक नेतृत्व	पहुँच र सक्रियता छ तर निर्णय लिने अधिकारमा कमी छ	पहुँच र निर्णय लिने अधिकार वढी छ	पहुँच र निर्णय लिने अधिकारमा कमी छ
सम्पत्तिमा अधिकार	पहुँच छ तर नियन्त्रण छैन (६७.५२ प्रतिशत पुरुष र ३२.४८ प्रतिशत महिला)	अधिकांश मा पहुँच र नियन्त्रण दुवै छ	पहुँच र नियन्त्रण दुवै छैन
रोजगारीमा अधिकार	रोजगारी अवसरमा कमी, ज्यालामा विभेद	रोजगारी अवसरमा वढी	रोजगारी (पहिचान सहित अवसरमा कमी)
राजनीति	पहुँच केही मात्रामा छ तर निर्णय गर्ने प्रक्रियामा सहभागिता कम छ ।	पहुँच र नियन्त्रण दुवै छ	पहुँच केही मात्रामा छ तर निणर्य गर्ने प्रक्रियामा सहभागिता छैन
सामाजिक कार्य	सक्रिय रुपमा पहुँच तर निर्णय लिने अवस्था छैन ।	सक्रियता , पहुँच र नियन्त्रण सवै	सामाजिक कार्यमा कम सहभागिता ,
शिक्षा	शिक्षाको लागि पहुँचको अवसर रहेपनि महिलामैत्री वातावरण छैन ।	शिक्षाको लागि अवसर ,पहुँच,नियन्त्रण दुवै छ ।	शिक्षाको लागि पहुँचको अवसर रहेपनि तेस्रोलिङ्गी मैत्री वातावरण छैन ।

स्वास्थ्य	स्वास्थयमा पहुँचको अवस्था वढ्दो रहेपनि नियन्त्रण छैन,महिला स्वास्थ्य प्रति परिवार संवेदनशील छैन,प्रजननर अधिकारमा महिलाको नियन्त्रण छैन ,आफ्नो शरिरमाथिको अधिकार पनि महिलाले प्रयोग गर्न पाएका छैनन् ।	स्वास्थयमा पहुँच र नियन्त्रण दुवै छ ।	स्वास्थयमा पहुँच र नियन्त्रणको अवस्थावारे आउन नसकेको अवस्था छ ।

११. नगरपालिकाका सबल पक्षहरु

कमलामाई नगरपालिकाको सवलपक्ष र सुधार गर्नुपर्ने पक्षहरु निम्न रहेको छ । पालिकाका प्रमुख, उपप्रमुख, वडाअध्यक्षहरु, न्यायपालीका सदस्यहरु,तथा जनप्रतिनीधिहरुसँग नीति तयार पार्ने क्रममा भएको छलफलका आधारबाट प्राप्त सूचनाका आधारमा सवल र सुधार गर्नुपर्ने पक्षहरुको विश्लेषण गरिएको हो ।

सवलपक्ष	सुधार गर्नुपर्ने पक्ष
• लैङ्गिकताको हिसाबले नागरिकहरु सचेत • नगरपालिका लैङ्गिक सम्वेदनशीलता प्रति प्रतिबद्धता • नागरिक समाज सशक्त हुदै गएको । • नेतृत्वदायि भूमिकामा महिलाको संख्या वृद्धि हुदै गएको । • परिवारिक रुपले ,महिला र पुरुष समान हुन् भन्ने धारणा विकास हुँदै । • महिला सेल र OCMC को व्यवस्था छ । • नगरले वजेट छुट्टाई काम गर्न तत्परता देखाएको छ । • संवेदनशील संचारमाध्यम र संरकारर्मीहरुमा बृद्धि । • गैर सरकारी संस्थाद्वलारा संचालित सुरक्षित आवास गृह । • प्रसुति गृहको व्यबस्था । • अस्पतालमा जेष्ठ नागरिक ,वालबालिका र २ वर्ष मुनिको लागि विशेष प्राथमिकता । • विभिन्न समितिमा समावेशिकरणलाई प्राथमिता दिएको । • महिला तथा वालबालिका सेवा केन्द्र (सुरक्षा वास) • स्थानिय तहमा महिलाहरुको सहभागिता राम्रो	•प्रत्येक घरपरिवारले छोरा छोरीलाई शिक्षा स्वास्थ्य आर्थिक लगायत कुरामा समान सहभागिता गराउनुपर्ने । •घरबाट नै सुधार भन्ने मानसिकता र व्यवहारको विकास गर्नुपर्ने । •लैङ्गिक मैत्री सार्वजनिक वातावरण निर्माण गर्नुपर्ने । •क्षमता विकास तालिम, सीप विकासको अवसर सृर्जना गर्नुपर्ने । •लैङ्गिक हिंसाको कानुन लागु गरी व्यबहारमा ल्याउन विशेष जोड दिनुपर्ने । •महिलालाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नका लागि अभियानहरुको सञ्चालन गर्नुपर्ने । •महिला हिंसामा प्रभाव पार्ने हानीकारक परम्परागत अभ्यासहरु विरुद्ध नीति बनाई लागू गर्नुपर्ने । •OCMC र सुरक्षित आवास गृहलाई अझ

देखिन्छ । ● छुवाछुत क्रमशः अन्त्य हुदै गएको । ● संघ संस्थामा महिलाको संख्या वृद्धि ।	प्रभावकारी बनाउनुपर्ने । ●कार्यक्रमको अनुगमन र मुल्यांकनलाई अझ सशक्त बनाउनुपर्ने । ●सरकारी नीतिलाई सही किसिमले पालना गर्नुपर्ने । ●व्यबसाय गर्ने महिलाहरुलाई बिना धितो ऋणको व्यवस्था गर्नुपर्ने । ●ग्रामीण क्षेत्रमा रहेका विपन्न वर्गका महिलाहरुलाई जीविकोपार्जनको लागि सहयोग गर्नुपर्ने ।

१३. कमलामाई नगरपालिकामा लैङ्गिक समानताको अवस्था

कमलामाई नगरपालिकामा रहेका विभिन्न गै.स.स., स्थानीय तह, वडा कार्यालय, सेवा प्रदायक निकायहरु गरी ४३ वटा सरोकारवाला निकायहरुसँग लैङ्गिक समानताका केही सूचकहरुका विषयहरुमा छलफल गरिएको थियो । उक्त छलफलबाट आएका विश्लेषणहरु जस्ताको तस्तै :

- ४३ वटा विभिन्न संघसंस्थाले मध्ये १६ वटाले लैगिंक नीति बनाई लागु गरेको, २२ वटाले नबनाएको र ५ वटाले बनाउने सोँचमा रहेको पाईएको छ ।
- ४३ वटा संघसंस्था मध्ये ३६ वटामा महिला कर्मचारीहरुलाई सुत्केरी बिदा दिने चलन रहेको र ७ वटामा बिदा दिने प्रावधान नरहेको पाईएको छ । बिदा दिने संघसंस्थाले ६० दिन देखि १२० दिन सम्म बिदा दिने व्यवस्था रहेको पाईएको छ । यद्यपी नीतिगत व्यवस्था गरेर नै बिदा दिने प्रावधान सुनिश्चित गरेका संघसंस्थाहरुको संख्या भने एकदमै न्यून रहेको पाइएको छ ।
- ४३ वटा संघसंस्था मध्ये जम्मा ५ वटाले मात्र शिशु स्याहार कक्षको व्यवस्था गरेको, ३७ वटाले आवश्यकता भएपनि विभिन्न कारणले व्यवस्था गर्न नसकेको र एउटाले शिशु स्याहार कक्षको आवश्यकता नै नरहेको बताएका थिए ।
- ४३ वटामा २१ वटाले लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था गरेको र २२ वटामा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था नभएको पाइयो ।
- ४३ मध्ये केवल १७ वटा संघसंस्थालले लैङ्गिकमैत्री बजेटको व्यवस्था गरेको र २६ वटामा उक्त ब्यवस्था नभएको पाईयो ।
- ४३ मध्ये केवल १० वटा संघसंस्थालले आफुलाई लैङ्गिक तथा समावेशी बजेट परीक्षणको बारेमा थाहा भएको र सोही अनुरुप बजेटको विनियोजन र परिचालन हुने गरेको, २५ वटाले लैङ्गिक

उत्तरदायी बजेटको बारेमा थाहा भएतापनि सोही अनुसार बजेटको योजना र वितरण गर्न नसकेको र ८ वटाले लैङ्गिक उत्तरदायी बजेटको बारेमा थाहा नभएको बताएका थिए ।

१३. रणनीति तथा कार्य योजना सम्बन्धमा कार्यकारी सारांश

लैङ्गिक विभेदमा आधारित हिंसा मानव अधिकारको मुद्दा हो । जनस्वास्थ्यको समस्या हो । "लैङ्गिक विभेदमा आधारित हिंसा भन्नाले त्यस्ता कार्यहरूलाई बुझाँउछ जुन कुनैपनि व्यक्तिलाई उसको लिङ्गको आधारमा सामाजिक लैङ्गिक विभेदबाट निर्देशितभई गरिएको हुन्छ । यस्ता कार्यहरूभित्र **शारीरिक, मानसिक, यौनिक रूपले पीडादिने वा पीडा पुऱ्याउने खालका सम्पूर्ण व्यवहारहरू** पर्दछन् । साथै त्यस्ता कार्यहरू गर्नकालागि डरधम्कीजस्ता व्यवहारहरूदेखि लिएर व्यक्तिको आधारभूत स्वतन्त्रता खण्डितगर्ने किसिमका कुनैपनि कार्य वा व्यवहार पर्दछन्" । यस्ता व्यवहारहरुको मुख्य कारण समाजमा विभाजित असमान शक्ति सम्बन्ध लाई प्रयोग गरी कमजोर बनाइएका समुह लिङ्गमाथि शक्ति को दुरुपयोग गर्ने मानसिकता हो, त्यस्ता मानसिकता लाइ प्रवर्द्धन गर्ने हानीकारक अभ्यासको रुपमा स्थापित सामाजिकीकरणका प्रक्रियाहरु हुन् । यस्ता व्यवहारहरुले समाजका सबै व्यक्तिहरुलाई व्यक्तिगत रुपमा प्रभाव पार्दछ । यसका साथै यस्ता ब्यबहारहरुले परिवार, समाज, राष्ट्र सबै तहमा विभिन्न प्रकारले प्रभाव पार्दछ । यसरी यस्ता व्यवहारहरुले सबैलाई प्रभाव पारे पनि अहिले हाम्रो देशको स्थिति हेर्ने हो भने लैङ्गिक विभेदमा आधारित हिंसाबाट महिला र लैगिंक तथा यौनिक अल्पसंख्यकहरु बढी प्रभावित छन् । लैङ्गिक विभेदमा आधारित हिंसा र महिला हिंसा पर्यायवाची हुन पुगेको छ । यसैले कुनै पनि कार्य योजना बनाउँदा सबैभन्दा बढी प्रभावित समुह केन्द्रित गरी बनाउनु जरुरी छ, त्यसैले कार्य योजनाहरु महिला माथि हुने हिंसा बिरुद्ध प्रथमतः केन्द्रित छन् । यसो भन्दैमा अरु समुहलाइ छोडेको भने छैन ।

"लैङ्गिक विभेदमा आधारित हिंसा विरुद्धको नीति/ लैङ्गिक समानता" - नाम दिईएको यो नीति कमलामाई नगरपालिकाको **५ बर्षे लैङ्गिक समानता प्रबर्द्धन गर्ने नीति हो ।** यो नीतिलाई लैङ्गिक मैत्री (सबै लिङ्गका नागरिकहरुले समान रुपले, समान अधिकार उपभोग गर्दै , सम्मानका साथ बाँच्न सक्ने वातावरण) बनाउने उद्देश्यले तयार गरिएको हो । यो नीति कुनै पनि व्यक्तिलाई उसको लिङ्गको आधारमा, समाजमा उसलाई हेर्ने दृष्टिकोणको आधारमा स्थापित असमान शक्ति सम्बन्धबाट हुने हिंसाको बिरुद्धमा केन्द्रित छ । बिशेषतः असमान शक्ति सम्बन्धमा आधारित भई घरभित्र, परिवार, समाजमा हुने घरेलु, मानसिक, सामाजिक, यौनिक हिंसा दुव्यर्वहारहरु यो रणनीति ले सम्बोधन गर्ने प्रमुख क्षेत्रहरु हुन् । यसका साथै यस्ता हिंसाहरु हुन सक्ने वातावरण निर्माण गर्ने सबै खाले विभेदहरु समेत यो रणनीतिले सम्बोधन गर्नेछ ।

प्राथमिक रोकथाम शैली (primary prevention approach) - हिंसा निम्त्याउने कारक तत्वहरुलाई सम्बोधन गरी, हिंसा हुनु भन्दा पहिले नै निवारण गर्ने (जनस्वास्थ्य समस्याहरुलाई सम्बोधन गर्न प्रयोग गर्ने गरिएको शैली) शैली यो रणनीति ले लिएको छ । यो नीति अन्तर्गत तयार गरिएका कार्य योजनाहरुले कमलामाई नगरपालिका सबै नागरिकहरुलाई समेट्ने छ । तर पनि अहिले सम्मको तथ्यांक, प्रचलित व्यवहारहरु स्थापित मान्यताहरुलाई बिश्लेषण गरी प्रमुख रुपमा हिंसाको जोखिममा रहेका, हिंसा खप्न बाध्य व्यक्तिहरु भने यस्ता सबै कार्यक्रमहरुको प्रमुख समुहको रुपमा राखिएका छन् ।

कमलामाई नगरपालिका सबै जिम्मेबार निकायहरु भित्र लैङ्गिक समानता नीति, लैङ्गिक विभेदमा आधारित हिंसाका बारे स्पष्ट दृष्टिकोण, हिंसा प्रभावितलाई सहयोग गर्ने प्रतिबद्धता र सहयोगी बातावरण निर्माण गर्न अग्रसरता भएमा निर्धारित समय सिमा भित्र कमलामाई नगरपालिकालाई लैङ्गिक मैत्री नगरपालिका बनाउन सकिन्छ भन्ने मान्यता यो नीतिले राखेको छ । कमलामाई नगरपालिकालाई लैङ्गिक हिंसा मुक्त बनाउने अभियानमा नेतृत्व लिएता पनि विभिन्न जिम्मेबार निकायहरुले आ-आफ्नो जिम्मेबारी उचित तवरले निर्वाह गर्नुपर्नेछ, यसो भएमा मात्र कमलामाई नगरपालिकाले लैङ्गिक समानता हाँसिल गर्ने नगरपालिकाको रुपमा आफ्नो पहिचान स्थापित गर्दै देशभरका अरु स्थानीय सरकारको लागि नमुना बन्न सक्नेछ ।

१४. लैगिंक समानता नीति तथा कार्ययोजना तर्जुमा प्रक्रिया

यस लैगिंक समानता नीति तथा कार्ययोजना तर्जुमा देहायका विधिहरू अवलम्वन गरि तयार पारिएको हो ।

(क) दस्तावेज अध्ययन :

नेपालको संविधान लगायत राष्ट्रिय कानूनहरू तथा नीतिगत व्यवस्थाहरु, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि(१९७९) यस महासन्धि अन्तर्गतको समितिले दिएको निष्कर्ष सुझावहरु, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध (१९६६) र यस समितिले दिएको निष्कर्ष टिप्पणी, दिगो विकासका लक्ष्य, लगायत अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरु, राष्ट्रिय कार्ययोजना तथा निर्देशिकाहरु अध्ययन तथा विश्लेषण ।

ख) लैगिंक समानता नीतिको आवश्यकता विषयमा बहुसरोकारवाला निकायहरु बिच छलफल

लैगिंक समानताका लागि कमलामाई नगरपालिकामा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, महिला मानव अधिकार रक्षकहरु, महिला सञ्जालहरुसँग लैगिंक समानता नीतिको आवश्यकता विषयमा छलफल गर्नका लागि कार्याशालाको आयोजना गरिएको थियो । कार्याशालामा उपस्थित सहभागीहरुले कमलामाई नगरपालिकाको लैगिंक समानता नीति कस्तो हुनुपर्छ र कुन क्षेत्रहरुलाई विशेष प्राथमिकताका साथ नीतिमा समावेश गरिनुपर्छ भन्नेबारेमा छलफल गर्दा आएका सुझावहरुलाई समेटि बुँदागत रुपमा राखिएको छ ।

(ग) **मुख्य सूचनादाताको अन्तरवार्ता** : लैगिंक हिंसा मुक्त कमलामाई नगरपालिका बनाउनका लागि कस्ता कार्यहरु हुनु जरुरी छ भन्ने विषयमा बहुसरोकारवालाहरुबाट सुझाव संकलनका लागि प्रश्नावली तयार गरिएको थियो उक्त प्रश्नावलीमा आधारित भई जिल्लामा सरकारी कार्यालय/गैरसरकारी संस्था/ व्यवसायिक संघ संस्था/ नीजि व्यवसाय/ उद्योग कार्यालय /व्यक्ति बिशेष/मिडिया/शैक्षिक संस्था /स्वास्थ्य संस्था /ट्रेड युनियनहरु /राजनीतिक दल,संगठन/ अन्य गरि करिब ४३ जना सरोकारवालाहरुसँग (विभिन्न संघसंस्थाका प्रतिनीधिहरुसँग) अन्तवार्ता गरि सुचना संकलन गरिएको थियो ।

(घ) परामर्श कार्यशाला : नगरपालिकाका प्रमुख, उप-प्रमुख, वडा अध्यक्षहरू, महिला सदस्यहरू, कार्यपालिकाका सदस्यहरू लगायतका प्रतिनिधिहरू सम्मिलित कार्यशालाको आयोजना गरी यस नीतिमा समावेश गरिनुपर्ने बुँदाहरू बारे परामर्श लिइएको थियो । तयार गरिएको नीति र कार्ययोजना लाई सरोकारवालाहरु माझ प्रस्तुत गरी आएका सुझावहरुलाई समावेश गरिएको छ ।

(ङ) **परामर्श बैठक :** यस नीतिलाई अन्तीमरुप दिनका लागि आवश्यकता अनुसार, नगरसभा सदस्यहरुसँग पटक पटक बैठक बसि सुझाव संकलन गरी यस नीतिलाई फाईनल गरिएको हो ।

परिच्छेद २

नीतिको ढाँचा

vision : आर्थिक समृद्धि, शान्ति सुशासन र आत्मनिर्भर कमलामाई नगरपालिका ।

mission : लैङ्गिक समानता र सामाजीक न्यायपूर्ण नगर निर्माणका लागि समन्वय र सहकार्यका साथ क्रियाशिल रहने ।

१ लक्ष्य :

- आर्थिक समृद्धि सहितको आत्मनिर्भर नगरपालिका,
- शान्ति र सुशासनमैत्री कमलामाई नगरपालिका,
- लैङ्गिकमैत्री नगरपालिका
- लैङ्गिक हिंसा मुक्त नगरपालिका निर्माण ।

२ उद्धेश्य : नगरपालिकाभित्रका सबै सरोकारवालाहरुसँगको सहकार्य र साझेदारीमा अबको ५ वर्षभित्र लैङ्गिक हिंसा मुक्त नगरपालिकाको आधार तयार गर्ने ।

विशिष्ट उद्देश्यहरु

- कमलामाई नगरपालिकाका लागि लैङ्गिक नीति तयार गर्ने ।
- लैङ्गिक विभेदमा आधारित हिंसा अन्त्य गर्न आवश्यक पर्ने विशेष नीतिहरु तयार गरी लागू गर्ने ।
- सुरक्षाबास, मनोविमर्श केन्द्रजस्ता प्रभावितलाई आवश्यक पर्ने सहयोगी संयन्त्रहरु व्यवस्थापन तथा सञ्चालनका लागि नीतिगत व्यवस्था गर्ने ।

३. आशातित उपलब्धी

क. लैङ्गिक विभेदमा आधारित हिंसा विरुद्ध **कार्यबिधि,कार्यनीति र न्यायीक संरचना तयार भै कार्यान्वयनको अवस्था निर्माण हुनेछ ।**

- नगर भित्रका सरोकारवाला निकायहरुले लैङ्गिक नीति निर्माण गरेको वा नगरपालिकाले बनाएको नीति लागू गरेका हुनेछन् ।
- न्यायिक समिति मेलमिलाप केन्द्र, र नगर प्रहरीको क्षमतामा विकास हुनेछ ।
- समन्वय समिति गठन भई क्रियाशिल भएको हुनेछ ।
- अनुगमन समिति गठन भई क्रियाशिल भएको हुनेछ ।
- निगरानी तथा उद्धार समिति गठन भई क्रियाशिल भएको हुनेछ ।
- आवश्यकता अनुसारका कार्यदल तथा समुहहरु गठन भई आवश्यक कार्यहरु गर्नेछन् ।

ख. हिंसा पीडित/ र प्रभावितका लागि आवश्यक पर्ने संस्थागत संरचनाको निर्माण हुनेछ ।

- पीडित/प्रभावित लागि सहज र पहुँचयोग्य सुचना ब्यवस्थापन (सूचना डेक्स, प्रभावितले आफ्नो घटनाको प्रक्रिया सम्बन्धमा गोपनीय ढंगले सुचना पाउने संयन्त्र) हुनेछ ।
- टोल फ्रि फोनको व्यवस्था गरिनेछ (सार्वनीक निजी साझेदारीतामा हुनेछ) ।
- लैङ्गिक संवेदनशील र उत्तरदायी भई कार्यान्वयन गर्न सेवा प्रदायकहरुको क्षमता विकास भएको हुनेछ ।
- सुरक्षा आवासगृह सञ्चालन निर्देशिका निर्माण भई कार्यान्वयनमा आएको हुनेछ ।
- मनोसामाजिक परामर्श केन्द्र सञ्चालन निर्देशिका निर्माण भई कार्यान्वयनमा आएको हुनेछ ।
- पीडित/प्रभावित लागि आवश्यकता अनुरुपको सम्प्रेषण प्रणालीको व्यवस्था भई कार्यान्वयन भएको हुनेछ ।

ग. सबै प्रमुख सरोकारवालाहरु लैङ्गिक संबेदनशील भएको अवस्था ।

क) सरकारी निकाय

ख) नीजि तथा व्यवसायिक निकाय

ग) सामाजिक संघसंस्था

घ) शैक्षिक संघसंस्था

ङ) स्वास्थ्य सेवा प्रदायक एवं संस्थाहरु

परिच्छेद ४

१. जिम्मेवार निकाय सहयोगी निकाय र अनुगमन गर्ने निकायको भूमिका तथा रणनीति तथा कार्ययोजनाको सीमा, जोखिम पक्ष र अवधि

१.१.जिम्मेवार निकायको भूमिका

यस नीतिको प्रभावकारी कार्यान्वयन तथा नीतिमा भएका व्यवस्थाहरु अनुगमनका लागि कमलामाई नगरपालिका प्रमुख जिम्मेवार निकायका रुपमा रहने छ । लैंगिक समानता नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन तहमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख दायित्व नगर स्तरिय समितिका प्रमुख लगाएत सदस्यहरुको रहनेछ ।

१.२. सहयोगी निकायको भूमिका

यस नीतिमा भएका व्यवस्थाहरुको कार्यान्वयनका लागि संयुक्त राष्ट्र संघिय संस्था, अन्य सामाजिक संघसंस्थाहरु, समुह, सञ्जालहरु सहयोगी निकायका रुपमा रहनेछ । पालिकाले आवश्यकता अनुसार यी संघसंस्थाहरुसँग सहकार्य गर्दे आर्थिक तथा प्राविधिक क्षेत्रमा सहयोग लिन सक्नेछ । लैगिंक समानताका लागि कार्यरत समुह, सञ्जाल तथा संघसंस्थाहरुसँग पालिकाले लैगिंक समानताका लागि तय गरेको कार्ययोजना कार्यान्वयनका लागि साझेदारीता गरी कार्य गर्न सक्नेछ ।

१.३ .अनुगमन गर्ने निकायको भूमिका

यस नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरसभाका सबै जनप्रतिनिधिहरु, वडा, टोल स्तरिय समितिका सदस्यहरु लगाएत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहनेछ । विभिन्न समिति तथा समूहहरुलाई क्रियाशिल बनाउन नगर स्तरिय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ । स्थानिय सरकारले नीति कार्यान्वयनको लागि आवश्यक जनशक्तिको विकास तथा क्षमता अभिबृद्धिमा पनि जोड दिनेछ । तर्जुमा भएका नीति, कार्यविधि तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि संयोजन गर्ने, बजेटको ब्यबस्था गर्ने , फलोअप गर्ने कार्यको लागि नगर स्तरिय समिति जिम्मेवार रहनेछ ।

पालिकाले यस नीति कार्यान्वयनको अनुगमन गर्नका लागि अनुगमन संयन्त्रको व्यवस्था गर्नुका साथै अनुगमन समिति निर्माण र अनुगमन समितिको काम कर्तव्य र अधिकार निर्धारित गरि अनुगमन संयन्त्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नेछ ।

१.४ .कार्ययोजनाको सीमा

पालिकाले आफ्नो आवधीक योजनाको पाटोका रुपमा पालिकाको स्रोत अनुरुप यस कार्ययोजनालाई वडास्तरबाट लागु गर्नेछ ।

२. लैङ्गिक हिंसा मुक्त नगरपालिका निर्माणका लागि नगरपालिकाले अवलम्बन गर्ने नीति

१) लैङ्गिक हिंसा बिरुद्ध शुन्य सहिष्णुता अपनाइनेछ ।

२) हरेक क्षेत्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागीता अनिवार्य गरिनेछ । (हरेक उपभोक्ता समिति समुह संरचनामा पदाधिकारी सहित अर्थ पूर्ण प्रतिनीधित्वको व्यवस्था)

३) यस नगरपालिका भित्र बन्ने सार्बजनिक, नीजि तथा सामुदायीक भौतिक पूर्बाधारहरु लैङ्गिकमैत्री बनाइनेछ ।

४) सडकमा निर्मीत सार्वजनिक धारा, शौचालय, पुलपुलेसालाई लैङ्गिकमैत्री बनाइने छ ।

५) हरेक बिद्यालयका कक्षाकोठा, शौचालय, धाराहरु छात्रामैत्रि तथा लैङ्गिकमैत्री निर्माण गर्न अनिवार्य गरिनेछ ।

६) नगरपालिका भित्र संचालनमा रहेका शिशु स्याहारकेन्द्र, बालविकास केन्द्र तथा विद्यालयका आधारभूत शिशु कक्षाहरुलाई लैङ्गिकमैत्री व्यवहार प्रर्बद्धन गर्ने खालका क्रियाकलापहरु तथा पाठ्यक्रमहरुलाई अनिवार्य गरिनेछ ।

७) स्याहार केन्द्र तथा शिशु कक्षहरुमा पुरुष कर्मचारीहरुलाई पनि राख्नुपर्ने कार्यलाई अनिवार्य गरिनेछ ।

७) हरेक व्यवसायिक संघसंस्था, उद्योग, व्यापार,कलकारखानाहरुमा कार्यरत कर्मचारीहरुलाई लैङ्गिकमैत्री व्यवहार गर्न अनिवार्य गरिनेछ ।

८) लैङ्गिक हिंसा पीडित/प्रभावितहरुलाई उचित सुरक्षा, न्याय र मनोविमर्शको व्यवस्था गरिनेछ ।

९)लैङ्गिक हिंसा बिरुद्धको क्षेत्रमा क्रियाशिल संघसंस्था तथा कार्यालयहरुसंग समन्वयमा कार्य गर्ने नीति अबलम्बन गरिनेछ ।

१०) महिला उद्यमीहरुले संचालन गरेका उद्योग तथा कलकारखानाहरुलाई बिशेष प्राथमिकता दिइनेछ ।

११) संघसंस्थामा महिला कर्मचारीहरुहरुको सुरक्षा तथा लैङ्गिक समावेशी सहभागितालाई अनिवार्य गरिनेछ ।

१२) हरेका व्यवसायिक संघ संस्था, कार्यालय, उद्योग, कम्पनीहरुमा लैङ्गिक नीति अनिवार्य गरिनेछ ।

१३) एकल महिला, बिधवा महिलाहरुको सामाजिक सुरक्षा, न्याय, रोजगारी तथा उद्यम सिर्जना गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१४) सामुहिक उद्यमी महिला कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

१५) भर्ती केन्द्र, टिकट काउन्टर तथा बैंक भौचर, तथा चेकलाईनमा महिला,पुरुष तथा तेस्रो लिंङ्गीहरुको लाईनहरु फर फरक लाइन बनाउन पहल गरिनेछ ।

१६) सार्वजनिक, धार्मिक कार्यक्रमहरुमा महिला पण्डितहरु बेद, पुराण, गीता, चण्डी तथा धार्मिक आस्थाअनुसारका धर्मग्रन्थ पाठ गर्ने महिलाहरुलाई सम्मान गरिनेछ ।

१७) नगरभित्रका मन्दिरहरुमा महिला पुजारीहरुलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।

१८) लैङ्गिकमैत्री नभएका धार्मिक क्रियाकलापहरुलाई निरुत्साहित गर्ने कार्यमा सक्रिय नागरिकहरुलाई सम्मान तथा प्रोत्साहित गर्ने नीति अबलम्बन गरिनेछ ।

१९) सञ्चारमाध्यमहरुमा क्रियाशिल महिला पत्रकाहरुको क्षमता विकास तथा सञ्चारमाध्यममा कार्य गर्न प्रोत्साहित गर्ने नीति अबलम्बन गरिनेछ ।

२०) प्राबिधिक तथा जोखिमयुक्त क्षेत्रहरु जस्तै बिद्युत वाएरिङ्ग, प्लम्बिङ्ग, सवारी वर्कसप, भवन तथा सडक निर्माणको कार्यमा क्रियाशिल महिला तथा तेस्रो लिङ्गीलाई अवसर दिने तथा कार्यगर्ने दुबैलाई प्रोत्साहन गर्ने नीति अबलम्बन गरिनेछ ।

२१) समान कामको समान ज्यालालाई अनिवार्य गरिने छ ।

२२) लैङ्गिक हिंसाका कारण अलपत्र वालवालिका, महिला र यौनिक अल्पसंख्यकका लागि पुनर्स्थापना केन्द्र स्थापना गर्ने तथा स्थापना भएका (गृहहरुसंग समन्वय गर्ने नीति अबलम्बन गरिनेछ) । बालगृहहरुको प्रवर्द्धन, स्तरोन्ती र आवश्यकताका आधारमा पुनर्स्थापन केन्द्र स्थापना गरी आत्मनिर्भर सहितको पूनर्स्थापनाको व्यवस्था मिलाइने छ ।

२३) स्थानीय सरकारले गर्ने करार नियुक्ति, तथा स्थायी पदपुर्तीमा ५० प्रतिशत महिला, जसमा हिंसा प्रभावितलाई प्राथमिकता दिन अनिवार्य गरिनेछ तथा संख्याको आधारमा यौनिक अल्पसंख्यकहरुलाई पनि प्राथमिकता दिइनेछ ।

२४) संविधानले प्रदान गरेको लैङ्गिक पहिचानका आधारमा नागरिकता पाउने अधिकारलाई सुनिश्चित तथा अनिवार्य गरिनेछ ।

२५) नगर भित्रका शहरी स्वास्थ्य क्लीनिक, स्वास्थ्य चौकी तथा अञ्चल अस्पतालहरुमा काउन्सिलिङ्ग सेन्टरहरुमा एकद्धार प्रणालीलाई सुचारु गरिनेछ ।

२६) हिंसा प्रभावितहरुकालागि न्यायिक सूचना प्रणालीमा एकद्धार नीति अवलम्बन गरिनेछ ।

२७) नगरपालिका भित्र रहेका नीजि सम्पत्तिको स्वामित्व श्रीमान् श्रीमती दुबैको सामुहिक रहनुपर्ने कार्यलाई अनिवार्य गरिनेछ ।

२८) छोराछोरीलाई एउटै विद्यालयमा अध्ययन गराउने कार्यलाई अनिवार्य गरिनेछ । (छोरा छोरीलाई समान व्यावहार)

२९) नगरपालिका भित्र शुरु गरिएको सकारात्मक सोचको विकासलाई अझ बलियो र प्रभावकारी बनाउन लैगिंक मैत्री सोचको विकास गराउने कार्यक्रम समेत थप गरि अगाडि बढाउने छ ।

३०) महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई कम्तिमा पनि १० दिनको आधारभूत काउन्सिलिङ्ग एवं लैंगिक हिंसाको पहिचान गर्ने तालिम अनिवार्य गरिनेछ ।

३१) नगरभित्र महिलाहरुद्धारा सञ्चालन गरेका सामाजिक संघ संस्थाहरुलाई प्रोत्साहित गरी लैङ्गिक हिंसा मुक्त गराउन कार्यगर्ने संस्थालाई थप साझेदारी बनाइने छ ।

३२) नगर प्रहरीमा ५० प्रतिशत महिला प्रहरी अनिबार्य गरिनेछ ।

३३) हरेक क्षेत्रमा शिशु स्याहार कक्षलाई अनिवार्य गराइनेछ ।

३४) विद्यालय समयमा विद्यालय उमेरका वालवालिकाहरुलाई सडकमा देख्ने बित्तिकै सोध खोजको सहज र उचित व्यवस्था गरिनेछ ।

३५) बिदेशी कमाई वा रेमिट्यान्सको उपयोग तथा प्रयोगमा परिवारका सदस्य वा महिलाको क्षमता विकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

३६) नगरभित्रका होटल तथा रेष्टुरेन्टहरुमा कार्यरत महिला श्रमिकको सुरक्षा, रेखदेख तथा अधिकारको बिषयमा निरन्तर अनुगमन एवं क्षमता विकास गर्ने व्यवस्था मिलाइनेछ ।

३७) सूचना बिज्ञापन, फिल्म, डकुमेन्ट्रिहरुमा महिलाको अंग प्रदर्शन तथा महिलालाई उपयोग गर्ने प्रवृतिलाई अन्त्य गर्ने नीति अवलम्बन गरिने छ ।

३८) हिसाको द्रुत गतिबाट उपचारको व्यवस्थ मिलाइने छ ।

३९) टोल फ्रि नम्बरको व्यवस्था गरी सूचना दुरुस्त गरी आवश्यक करबाही अगाडि बढाइने छ ।

४०) लैङ्गिक हिंसामुक्त नगरका लागि आवश्यक संरचनाहरु (लैङ्गिक हिंसामुक्त समन्वय समिति, अनुगमन समिति) जस्ता संरचनाहरु कार्यविधि मार्फत व्यवस्थित गरिने छ ।

४१) हरेक टोल विकास संस्थामा लैङ्गिक सचेतीकरण र अवस्था पहिचानका लागि लैङ्गिक अवस्था पहिचान समिति निर्माण गरिने छ ।

४२) लैङ्गिक अवस्था दस्तावेजीकरण जानकारी प्रत्येक वर्ष सार्वजनिकीकरण गरिने छ ।

लैङ्गिक अवस्था संगै हिंसाको पहिचान र हिंसाको प्रकार, कारण र निराकरणका उपायका विषयमा निश्चित मानवस्रोत तयार गरिने छ ।

- हरेक निकायमा लैङ्गिक हिंसाका प्रकार असरको बारेमा क्षमता अभिबृद्धि गरी लैङ्गिक हिंसा मुक्त समिति निर्माण गरी क्रियाशिल गराइने छ ।

  दैनिक घरयासी या पूनर्उत्पादनका क्रियाकलापमा महिला पुरुषको समान भूमिका अनिवार्य गरिने छ ।

४३) नगरपालिका भित्र समुदाय तहदेखि कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई कम्तीमा वर्षको १ पटक लैगिंक समानता, मानव अधिकार, दिगो विकास लक्ष्य जस्ता समसामयीक विषयमा तालिमको नीतिगत व्यवस्था गरिने छ ।

४४) हरेक वडामा मनोविमर्श केन्द्र र प्रजनन् एवं यौन स्वास्थ्य सेवा सुचना केन्द्रको व्यवस्था गरिने छ ।

४५) नगरपालिकाद्वारा राखिएका कृषि, जे.टि.ए, स्वास्थ्य क्षेत्र जस्ता सबै क्षेत्रमा महिलाहरुको समान सहभागीता र लाभको अधिकार सुनिश्चित गरिनेछ । कृषि जे.टि.ए हरुका लागि छुट्याईएको छात्रवृत्तिमा ५० प्रतिशत छात्रवृत्ति महिलाको लागि सुनिश्चित गरिनेछ । त्यो भित्र पनि हिंसा प्रभावित तथा जोखिमपूर्ण अवस्थामा रहेको किशोरिहरुलाई प्राथमिकतामा राखिनेछ ।

४६) आङ्ग खस्ने समस्या भएका महिलाहरुको समस्या सम्बोधनका लागि हरेक वडामा महिला स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । यसरी सञ्चालन गरिने शिविरहरुमा महिला अधिकार, शारिरीक वृद्धि र विकास एवं महिलाको स्वास्थ्यमा प्रभाव पार्ने तत्वहरुका बारेमा बुझाउन महिला स्वास्थ्य सचेतनालाई समेत सँगसगै लगिनेछ ।

४७) नगरपालिकाद्धारा सञ्चालित प्रर्वधित दुध चिस्यान केन्द्र, तरकारि खेति जस्ता आयमूलक कार्यक्रमहरुको अगुवाई कम्तिमा ५० प्रतिशत महिलाले गर्ने गरि समान सहभागीताको अधिकारलाई सुनिश्चित गरिनेछ ।)

४८) नगरपालिका भित्र रहेको सबै खाले हानिकारक परम्पराहरु अन्त्य गर्न महिला सञ्जाल, मानव अधिकारका क्षेत्रमा काम गर्ने संघसंस्थासँग सहकार्य गर्दै समुदाय तहदेखि अभियान सञ्चालन गर्ने गरि नीतिगत व्यवस्था गरिनेछ ।

४९) नगरपालिका भरिका सक्रिय महिलाहरु वर्षको एकदमै एकै ठाउँमा ल्याई समसामहीक विषयको छलफल गर्ने, आवश्यकता अनुरुपको क्षमता विकासको कार्यक्रमहरु विकास एवं महिला संजालको सहकार्यमा सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ ।

परिच्छेद .५

५.१ लैङ्गिक हिंसा अन्त्यका लागि कमलामाई नगरपालिकाको रणनीति तथा कार्ययोजना

मूल्यमान्यता



परिच्छेद नं ६

६.१ लैङ्गिक हिंसा अन्त्य गर्न कमलामाई नगरपालिकाको रणनीति तथा कार्ययोजनाका लागि निर्माण गरेका संरचनाहरु

कमलामाई नगरपालिकाले यस नीति तथा काययोजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन, समीक्षा तथा आवश्यकता अनुसार परिमार्जनका लागि निम्न अनुसार संरचना निर्माण गर्नेछ :

उप-महानगरपालिका स्तर	वडा स्तर	समुदाय स्तर
● प्रमुखको अध्यक्षतामा सल्लाहकार समिति ● उपप्रमुखको संयोजकत्वमा निर्देशन समिति ● प्रमुख महिला विकास अधिकृतको संयोजकत्वमा कार्यान्वयन कार्यदल ● लैङ्गिक हिंसा अन्त्य गर्न का लागि नगरस्तरीय समन्वय समिति ● सामाजिक विकास महाशाखा अन्तर्गत अनुगमन तथा मूल्याङ्कन कार्यदल	● वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय लैङ्गिक हिंसा निवारण समिति ● महिला वडा सदस्यको संयोजकत्वमा वडा स्तरीय अनुगमन तथा परामर्श कार्यदल	● महिलाले नेतृत्व गरेको सामुदायीक संघसंस्था ● महिला निगरानी समूह ● बाल क्लब/सञ्जाल ● युवा समुह, क्लब तथा सञ्जाल ● किशोरी समूह ● अन्तरधार्मीक समुह ● विद्यालय परिवार

सल्लाहाकार समिति : बिभिन्न राजनीतिक दलका महिला प्रतिनिधि र महिला मानवअधिकार रक्षक तथा मानवअधिकारकर्मीहरु मध्ये कमलामाई नरपालिकाले तोकेका व्यक्तिहरु सम्मिलित एक सल्लाहाकार समूह रहनेछ ।

सल्लाहाकार समितिका पदाधीकारीहरु

संयोजक : प्रमुख, कमलामाई नगरपालिका

सदस्यहरु :

निर्देशन समिती : उपप्रमुखको नेतृत्वमा कार्यपालीका सदस्यहरुहरु समावेश भएको निर्देशन समिती रहनेछ । जसले यस नीतिको कार्यान्वयनका लागि आवश्यकता अनुसारको निर्देशनहरु दिन सक्नेछ ।

निर्देशन समितीका पदाधीकारीहरु

संयोजक : उपप्रमुख, कमलामाई नगरपालिका

सदस्यहरु :

कार्यान्वयन कार्यादल : प्रमुख महिला विकास अधिकृतको संयोजकत्वमा पालिकामा रहेका विभिन्न विषयगत समितीका प्रतिनीतिहरु समावेश हुने गरि नीति कार्यान्वयन कार्यदलको निर्माण हुनेछ । जसले नीतिले गरेको व्यवस्थाहरुको कार्यानवयमा विशेष जोड दिएर काम गर्नुपर्नछ ।

कार्यान्वयन कार्यादलका पदाधीकारीहरु

संयोजक : प्रमुख महिला विकास अधिकृत

सदस्यहरु :

नगरस्तरिय समन्वय समिति : यस नीतिमा भएका व्यवस्थाहरुलाई वडास्तरसम्म कार्यान्वयमा लैजानका लागि नगरस्तरिय समितिको गठन गरिनेछ ।

नगरस्तरिय समन्वय समितिका पदाधीकारीहरु

संयोजक

सदस्यहरु :

अनुगमन तथा मूल्याकंन कार्यादल : यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याकंन कार्यादलको गठन गरिनेछ । यस कार्यादलले नीतिमा भएका व्यवस्थाहरु कार्यान्वयन का लागि अनुगमन गर्ने, पुर्ण योजना बनाएर नीति कार्यान्वयनको मूल्याकंन गर्ने र मूल्याकंनबाट प्राप्त सुझावहरुका आधारमा आवश्यकता अनुरुप रणनीतिहरु परिमार्जन गर्दे नीति कार्यान्वयनमा सहयोग पुर्याउने छ ।

अनुगमन तथा मूल्याकंन कार्यादलका पदाधीकारीहरु

संयोजक :

सदस्यहरु :

लैङ्गिक हिंसा निवारण समिति : लैगिंक हिंसाको निवारणका लागि यस नीतिमा भएको व्यवस्था अनुरुप वडास्तरमा गर्नुपर्ने कार्यक्रमहरुको तर्जुमा तथा कार्यान्वयनका लागि वडाअध्यक्षहरुको संयोजकतत्वमा लैगिंक हिंसा निवारण समितिको गठन गरिनेछ । यस समितिले लैगिंक हिंसाको निवारणका साथै लैगिंक समानता सुनिश्चितताका लागि वडाबाट गर्नुपर्ने कार्यहरुको योजना, योजना कार्यान्वका लागि स्रोत व्यवस्थापन, र अनुगमन गर्ने कार्य गर्नेछ । साथै समुदाय स्तरमा रहेका विभिन्न समुह, सञ्जालहरुसग समन्वय र सहकार्य गरि कार्य गर्ने छ ।

लैगिंक हिंसा निवारण समितीका पदाधीकारीहरु

संयोजक : वडाअध्यक्ष, कमलामाई नगरपालिका

सदस्यहरु :

मुख्य सरोकारवालाहरुः

१ नगरकार्यपालिका बोर्ड
२ जन प्रतिनिधिहरु
३ राजनैतिक दलहरु
४ सामाजीक क्षेत्रका अगुवाहरु
५ मिडिया हाउस
६ व्यापार व्यवसायीहरु
७ उद्योग बाणिज्य संघ
८ शैक्षिक संस्थाहरु
९ मेडिकल कलेजहरु
१० धार्मिक संस्था र धर्मगुरुहरु
११ सुरक्षा निकायहरु
१२ कानुन ब्यवसायीहरु
१३ प्याप्सन ,एन प्याप्सन
१४ होटल व्यवसायीहरु
१५ यातायात ब्यवसायीहरु
१६ ट्रेड युनियनहरु
१७ प्रदेश सभा सदस्यहरु
१८ अन्तरपार्टी महिला सञ्जाल

परिच्छेद ७

आचार संहिता

लैंगिक हिंसा मुक्त कमलामाई नगरपालिकाको निर्माणका लागि नगरपालिकाले अवलम्बन गर्ने आचार संहिता

कमलामाई नगरपालिकाको ।

१) कमलामाई नगरपालिकाका लैङ्गिक हिंसा मुक्त नगर निर्माणका नेपाल पक्षराष्ट्र भएका मानवीय कानुन सन्धी सम्झौता तथा घोषणा पत्र र नेपालको संविधान २०७२ को धार ३८ साथै स्थानीय शासन सञ्चालन ऐन २०७४ पालना गर्नु यस नगरको कर्तव्य हुने छ ।

२ कमलामाई नगरपालिकालाई लैङ्गिकमैत्री नगर निर्माणका लागि लैङ्गिक हिंसा मुक्त नगर कार्यक्रम पहिलो प्राथमिकतामा दिनु पर्नेछ

३.नगरले कुनैपनि कार्यक्रम सञ्चालन गर्दा लैङ्गिक संवेदनशीलतालाई प्राथमिकता दिनु पर्नेछ ।

४. कुनै पनि ऐन नीति तथा कार्यविधी निर्माण गदा लैङ्गिक संवेदनशीलतालाई ध्यान दिनु पर्नेछ ।

५.नगर भित्र हुने कुनै पनि संरचनाहरुमा लैङ्गिक हिसावलले महिलाको कम्तिमा ३३ प्रतिशत सुनिश्चितालाई प्राथमिकता दिनु पर्नेछ ।

७. नगर र नगरसंग आवद्ध संस्थाले लैङ्गिक हिंसा तथा दूर्व्यवहार हुने कुनै पनि गतिविधी हुन दिनु हुँदैन ।

८. मानव अधिकार, महिला मानव अधिकार भित्र पर्ने प्रजनन् स्वास्थको अधिकारको सुनिश्चतता हुनुपर्छ ।

९.नगर भित्र निर्माण हुने भौतिक पूर्वाधारहरु लैङ्गिक मैत्री हुनु पर्नेछ ।

१०. लैङ्गिक हिंसा मुक्त नगर निर्माणका लागि सरकारी कार्यालय,नागरिक समाज, नीजि संस्था, क्लवहरु तथा देहाय बमोजिमका संस्थाहरुले प्रत्यक्ष सरोकारवालाहरु लाई लक्षित वर्गमानी साझेदारी गर्नुपर्नेछ ।

- किशोर किशोरीहरु
- बालक्लवहरु,
- कमलामाई नगरपालिकाका सम्पूर्ण घरपरिवार
- कमलामाई नगरपालिकाभित्रका राजनीतिक दलहरु
- कमलामाई नगरपालिका अर्न्तगतका सम्पूर्ण विषयगत कार्यालयहरु, शाखाहरु का कर्मचारीहरु
- विद्यालयहरुका शिक्षकहरु
- कमलामाई नगरपालिका नगर कार्यपालिकाका शाखाका कर्मचारीहरु
- गैरसरकारी संस्थामा कृयाशील सदस्यहरु

- विभिन्न क्लवका सदस्यहरु
- किशोर किशोरीहरु
- बालक्लवहरु

१२.नगरलाई लैङ्गिक हिंसा मुक्त गर्नका लागि देहायका संस्थाहरुलाई परिचालन गर्ने रणनीति अवलम्बन गर्नुपर्नेछ ।

- राजनीतिक दलहरु (पहिचान)
- सरकारी निकायहरु विषयगत कार्यालयहरु (महिला प्रहरी सेल)
- गैरसरकारी संस्था
- यातायात व्यवसायी संस्थाहरु
- क्लवहरु
- विद्यालयहरु
- सञ्चारमाध्यमहरु
- नीजि संस्थाहरु
- कानुनी संस्थाहरु
- अधिवक्ताहरु
- टोलविकास संस्थाहरु
- युवा क्लव
- सहकारीहरु
- बाल क्लबहरु

  हरेक संस्थालाइ लैङ्गिक हिंसा मुक्त नगर निर्माण अनिवार्यताका लागि हरेक तह तप्कामा लैङ्गिक नीति साथै आचार संहिता निर्माण र पालनाका लागि क्षमता विकास गर्नुपर्नेछ ।

१३. यातायात क्षेत्र

- नगरमा सञ्चालन हुने यातायात क्षेत्रमा महिला पुरुषका लागि अनिवार्य निर्दिष्ट व्यवस्था र व्यवहारमा लागु भएको हुनुपर्नेर्छ ।

. १४. सामाजिक कुरीतिजन्य हिंसालाई अन्त्य गर्नका लागि उत्पादन ,सामाजिक र पूनर्उत्पादनको भूमिकामा समान सहभागिता कायम गर्नुपर्नेछ ।

१५. नगरपालिकामा सुत्केरी स्याहार र शिशुस्याहारको व्यवस्था गर्नुपर्नेछ ।

१६. समान कामको समान ज्याला प्राप्तिका लागि अनिवार्य गर्नुपर्नेर्छ ।

१७. समाजमा संरचनागत भूमिकालाई परिवर्तन गर्न पुरुषको तुलनामा महिला को अवस्था पछाडी भएका कारण, न्यायोचित वितरण, आरक्षण र सकारात्मक विभेदको व्यवस्था गर्नुपर्नेछ ।

१८. कुनै पनि महिला वा पुरुष लैङ्गिक हिंसामा परेमा तुरुन्त उपचारको व्यवस्था हुनुपर्नेछ ।

१९.हिंसा पिडित/प्रभावित व्यक्तिले निर्धक्कता पूर्वक गुनासो गर्ने संरचना हुनुपर्नेछ ।

२० शारीरिक, सामाजिक र मानसिक हिंसालाई शुन्य सहिशुष्णताको नीति अवलम्बन गर्नुपर्नेछ ।

२१.विधिको शासनलाई आत्मसात गरी क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।

२२. लैङ्गिक समानता सम्बन्धी सुचनाहरु सर्वसाधरणको पहुँचमा हुने व्यवस्था मिलाइने छ ।

२३ लैङ्गिक हिंसाका लागि गरिने सवै कार्यक्रमहरु पारदर्शी र जवाफदेही हुनुपर्नेछ ।

२४. लैङ्गिक हिंसाको परीक्षणका लागि लैङ्गिक बजेटको व्यवस्था गर्नु पर्नेछ ।

२५.नगरका जनप्रतिनीधि र कर्मचारीबाट लैङ्गिक मैत्री व्यवहार र भूमिका निर्वाह गर्नुपर्नेर्छ ।

२६. लैङ्गिक हिंसामुक्त गर्ने उद्देश्य लिएका संघ संस्थाहरुलाई प्रोत्साहन गर्नुपर्नेछ ।

२७.टोल विकास संस्था र परिवारलाई जग मानि सशक्तिकरणका कार्यक्रमहरु गर्नुपर्नेछ ।

२८ फरक लिङ्गका पदाधिकारी, कर्मचारी तथा आम नागरिक प्रति जिस्याउने तथा मनोबल घट्नेखालका क्रियाकलाप गर्नु हुँदैन ।

२९. लैङ्गिक आधारमा भएका घरेलु हिंसालाई लुकाउने, गोप्य राख्ने, जस्ता कार्य गर्नुहुँदैन ।

३०. लेखेर, बोलेर वा भाषण गरेर महिला पुरुषको र तेस्रो लिङ्गीको आत्मबल कमजोर गराउने वा महिला पुरुषमा भेदभाव आउने खालका कार्य गर्न हुदैन ।

३१.लिङ्गका आधारमा भेदभाव हुनेखालको नीति तथा योजना हुनुहुँदैन ।

३५.महिला विरुद्धहुने सवैप्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ मा भएका धाराहरुलाई विशेष प्राथमिकताका साथ अवलम्बन गर्नुपर्नेछ ।

३६. दिगो विकास लक्ष्य ५ लाई विशेष जोड दिएर कार्यक्रम तय गर्नुपर्नेछ ।

३७. कुनैपनि हिंसा भएको खण्डमा यथाशिघ्र जीवन निर्वाहसहितको पूनर्स्थापनाको व्यवस्था गर्नुपर्नेछ ।

३८.अवस्था विश्लेषणबाट समाजमा महिला र पुरुष वा तेस्रो लिङ्गी जो बढी जोखिममा छ त्यसका लागि पहिलो प्राथमिकतामा राखी कार्य गर्नुपर्नेछ ।

३९.गोपनीयता भङ्ग नहुनेगरी हरेक परिवारबाट वास्तविक महिला पुरुषको हिंसाको अवस्था पहिचान गरी कार्यक्रम कार्यन्वयन गर्नुपर्नेछ ।

४०. हरेक विद्यालयहरुमा लैङ्गिक सम्पर्क शिक्षकको व्यावस्था गर्नुपर्नेछ ।

४१. विद्यालयमा लैङ्गिक मैत्री शौचालय, बालिकाहरुका लागि इन्सुलेटर फोकल, सेनिटरी प्याडको व्यवस्था , आराम कक्षको व्यवस्था गर्नुपर्नेछ ।

४२. हरेक परिवारले महिला, पुरुष र छोरी र छोरामा समान व्यावहार गर्ने गरी आचार संहिता निर्माण र गरी व्यवहार परिवर्तन गर्नुपर्छ ।

४३. नगरका सवै वर्गका समुदायका संस्थाहरु निकायका प्रतिनीधिहरु लैङ्गिक संवेदनशील भएर कार्य गर्नुपर्नेछ ।

४५. सामाजिक कुरिती दाइजो प्रथा, वालविवाह, महिनाबारी हुँदा छुवाछुतको व्यवहार हुनुहुँदैन ।

४६ सम्पत्तिमा महिला पुरुषको समान पहुँच र नियन्त्रण हुनुपर्छ ।

४७. सञ्चारका माध्यमहरुबाट प्रसारणहुने गीत नाटक ,विज्ञापनमा परम्परागत विभेदकारी भूमिका झल्किने खालका हुनपाइने छैन ।